| | | |
|---|---|---|
| ७ | उत्वादित वस्तुको बजार क्षेत्र | बजारको नाम……………… (स्थानीय/जिल्ला/प्रदेश/राष्ट्रिय) दुरी……………………….. ढुवानी खर्च……………….. लक्षित ग्राहकहरु……………. प्रतिस्पर्धाको अवस्था……….. बजार विकासको सम्भावना…... |
| ८ | व्यवसायबाट हुने अनुमति आम्दानी | जम्मा वार्षिक अनुमानित अम्दानी रु…………………. जम्मा अनुमानित वार्षिक खर्च…………………….. वार्षिक अनुमानित नाफा रु…………………… |
| ९ | रोजगारी पाउने विद्यार्थी अनुमानित संख्या (विद्यार्थी उद्यमी क्लव बाहेक) | छात्र………………….. छात्रा…………………. अन्य ……………………... जम्मा……………… |
| १० | उद्यम सञ्चालन गर्न आवश्यक प्रविधिक जनशक्तिको उपलब्धता | उपलब्ध रहेको…………….. उपलब्ध नरहेको……………. |
| ११ | अन्य (प्रविधिको प्रयोग) | ………. |
| १२ | उद्यमको कार्यान्वयन योजना (५ | ……………… |

स्वीकृत मिति – २०७८/१२/०८

आज्ञाले

गणेश दत्त मिश्र

प्रमुख प्रशासकीय अधिकृत




# स्थानीय राजपत्र

## दोधारा चाँदनी नगरपालिकाद्वारा प्रकाशित

खण्ड : ५, संख्या : ७, चैत्र १६ गते, २०७८ साल


**भाग-२**

## एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम सञ्चालन कार्यविधि, २०७८

**१.प्रस्तावना:** राष्ट्रिय युवा नीति, २०७२ र युथ भिजन २०२५ अनुसार गुणस्तरीय शिक्षाको लागि सार्वजनिक शिक्षाको सवलीकरण, शैक्षिक रुपान्तरण, नवप्रवर्तन र उद्यमशिलता विकास गरी शैक्षिक संस्था मार्फत

सामाजिक रुपान्तरणबाट समृद्ध नेपाल र सुखी नेपाली अभियानमा टेवा पुऱ्याउन "एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम"लाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने उद्देश्यले दोधारा चाँदनी नगरपालिकाको नगरकार्यपालिकाले यो कार्यविधि बनाएको हो ।

**२. संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम सञ्चालन कार्यविधि, २०७८" रहेकोछ ।

(२) यो कार्यविधि, दोधारा चाँदनी नगरपालिकाको नगरकार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागू हुनेछ ।

**३. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः–

(क) "एक शैक्षिक संस्था उद्यम कार्यक्रम" भन्नाले पालिका भित्रका प्रविधिक तथा व्यावसायिक धार/ शिक्षा लागू भएका वा नमूना सामुदायिक विद्यालयमा उद्यमशीलता विकासका लागि सञ्चालित कार्यक्रम सम्झनु पर्दछ ।

(ख) "पालिका" भन्नाले दोधारा चाँदनी नगरपालिका सम्झनु पर्दछ ।

(ग) "प्रमुख" भन्नाले दोधारा चाँदनी नगरपालिकाको प्रमुख सम्झनु पर्दछ ।

(घ) "उप प्रमुख" भन्नाले दोधारा चाँदनी नगरपालिकाको उप प्रमुख सम्झनु पर्दछ ।

(ङ.) "शैक्षिक संस्था" भन्नाले एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम लागू भएका शैक्षिक संस्था सम्झनु पर्दछ ।



## व्यावसायिक परियोजना प्रस्तावको नमूना ढाँचा

| क्र. स. | विवरण | विवरणको विस्तीकरण |
|---|---|---|
| १ | उद्यमको नाम, संक्षिप्त परिचय र उद्देश्य | विद्यार्थी उद्यमी क्लवको नाम:………………. उद्यमको संक्षिप्त परिचय (उद्यमको नाम पृष्ठभूमि)……… उद्यमको उद्देश्य…………….. उद्यमको क्षेत्र……………….. उद्यमबाट उत्पादन हुने वसतुको नाम………………………. |
| २ | उद्यम सञ्चालन हुने स्थान | प्रदेश………जिल्ला………. गापा/नपा……………… वडा नं……. टोल………. |
| ३ | उद्यममा संगलन हुने अनुमानित जनशक्ति | छात्र……………………… छात्रा…………………….. जनशक्तिको प्राप्ति…………… (स्थानीय स्तर वा बाह्य) |
| ४ | प्रयोग हुने कच्चा पदार्थ | कच्चा पदार्थको नाम……… स्रोत(स्थानीय वा बाह्य)…….. |
| ५ | प्रयोग हुने मेसिनेरी औजारको विवरण | नाम………………………. अनुमानित लागत…………… स्रोत ...………(बाह्य/स्थानीय) |
| ६ | उद्यमका लागि अनुमति लागत | कूल रु…………………….. चल पुँजी रु……………….. अचल पुँजी रु...................... अचल पुँजीको नाम………… आफ्नो लगानी…………….. बाह्य लगानी……………….. |

६. कक्षागत विद्यर्थी विवरण (कक्षा ९-१२)

७. जग्गा सम्बन्धी विवरणः

क विद्यालयको नाममा रहेकोः

ख विद्यालयको हकभोग प्राप्तः

ग  वर्तमान उपयोगको अवस्थाः

८. भौतिक पूर्वाधार सम्बन्धी विवरण

क. कक्षाकोठा संख्याः

ख. कक्षाकोठा उपयोगको अवस्थाः

ग. प्रयोगशालाको अवस्थाः

घ. पानी विजुलीको उपलब्धताः

९. उपलब्ध अन्य साधनस्रोतको विवरणः

१०. उद्यम कोष सम्बन्धी विवरणः

क. कोष रहेको बैंकको नामः

ख. खाता न

ग. खाता सञ्चालकहरुको नामः

| | |
|---|---|
| उद्यमी विद्यार्थी क्लव अध्यक्षको | प्रधानाध्यापकको |
| नामः | नामः |
| हस्ताक्षरः | हस्ताक्षरः |
| मितिः | मितिः |

नोटः व्यावसायिक परियोजना प्रस्ताव अलग्गै पेश गर्नुपर्नेछ।



(च) "विद्यार्थी उद्यमी क्लब" भन्नाले एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम संचालनका लागि गठन गरिएको विद्यार्थी उद्यमी क्लब सम्झनु पर्दछ।

(छ) "उद्यम कोष" भन्नाले एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम लागू भएका शैक्षिक संस्थामा उद्यम सञ्चालनका लागि स्थापित कोष सम्झनु पर्दछ।

(ज) "उद्यम कोष सञ्चालक समिति" भन्नाले उद्यम कोष सञ्चालन गर्ने समितिलाई सम्झनु पर्दछ।

(झ) "संरक्षक समिति" भन्नाले एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमको संरक्षणका लागि गठित समिति सम्झनु पर्दछ।

(ञ) "साझेदार संस्था" भन्नाले एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम सञ्चालनका लागि प्राविधिक सेवा र सहयोग उपलव्ध गराई साझेदारीमा काम गर्ने संस्थालाई सम्झनुपर्छ।

(ट) "पूर्व विद्यार्थी मञ्च" भन्नाले विगतमा सम्बन्धित शैक्षिक संस्थामा अध्ययन गरी हाल विभिन्न निकाय तथा क्षेत्रमा रहेका विद्यार्थीहरुबाट गठन भएको मञ्च सम्झनु पर्दछ।

(ठ) "विज्ञ" भन्नाले सम्बन्धित विषयमा ज्ञान, सीप, अनुभव र दक्षता भएको ब्यक्ति सम्झनुपर्दछ।

(ड) "विद्यार्थी कल्याणका कार्यक्रम भन्नाले" विद्यार्थीको शैक्षिक उपलब्धि वृद्धि गर्ने विद्यार्थी प्रोत्साहनका कार्यक्रमहरुलाई सम्झनु पर्छ।

**४. उद्देश्यः–**

(क) शैक्षिक संस्था मार्फत सामाजिक रुपान्तरण गर्ने ।

(ख) शैक्षिक संस्थालाई उद्यम गर्ने सिकाई स्थलको रुपमा विकास गर्ने ।

(ग) सार्वजनिक शिक्षामा गुणस्तर, नवप्रवर्तन तथा उद्यमशिलता विकास गरी शैक्षिक रुपान्तरण गर्ने ।

(घ) सार्वजनिक शिक्षाको सवलीकरण गर्ने ।

**५. लक्षित शैक्षिक संस्थाः**

पालिकामा अवस्थित प्राविधिक तथा व्यावसायिक धार/ शिक्षा लागू भएका वा नमूना सामुदायिक माध्यमिक विद्यालयहरु लक्षित शैक्षिक संस्था हुनेछन् ।

**६. उद्यम क्षेत्रः** शैक्षिक संस्थाले उद्यम गर्न सकिने व्यावसायिक क्षेत्रहरु देहाय बमोजिम रहने छन् ।

(क) कृषि तथा पशुपन्छिमा आधारित उद्यम व्यवसाय,

(ख) बन (जडीबुटी, बनपैदावार) मा आधारित उद्यम व्यवसाय,

(ग) विज्ञान तथा सूचना प्रविधि र सञ्चारमा आधारित उद्यम व्यवसाय,

(घ) पर्यटन प्रवद्र्धन (होटेल, होमस्टे, रिसोर्ट) मा आधारित उद्यम व्यवसाय,

(ङ) निर्माणमा आधारित उद्यम व्यवसाय,



**२०. कार्यविधि संसोधन गर्न सक्नेः** नगरकार्यपालिकाले आवश्यकता अनुसार यो कार्यविधि संसोधन गर्न सक्नेछ ।

**२१. वाधा अड्काउ फुकाउने** यो कार्यविधिको कार्यान्वयनमा कुनै बाधा आइपरेमा नगरकार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ ।

## एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम सञ्चालन गर्न चाहने विद्यालयहरुको लागि निवेदनको ढाँचा

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
दोधारा चाँदनी नगरपालिका, कञ्चनपुर

महोदय,
त्यस पालिकाबाट मिति ……………..मा प्रकाशित सूचना/प्राप्त पत्रानुसार अनुसार हाम्रो विद्यालयमा एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम सञ्चालन गर्ने ईच्छा भएकाले निम्न विवरण सहितका कागजातहरु संलग्न गरी यो प्रस्ताव पेश गरिएको छ ।

१. विद्यालयको नाम र ठेगानाः
२. प्राविधिक तथा व्यावसायिक धार शिक्षा वा नमूना विकासको लागि छनौट भएको मितिः
३. प्रधानाध्यापकको नाम र सम्पर्क न
४. उद्यमी विद्यार्थी क्लवका अध्यक्षको नाम र ठेगानाः
५. उद्यम गर्न चाहेको व्यावसायिक क्षेत्रः

(घ) उत्पादन गरिएका सामाग्रीहरुको गुणस्तर कायम भएको,

(ङ) उद्यम मार्फत् शैक्षिक रुपान्तरण, नवप्रवद्र्यन तथा उद्यमशिलता विकास गरेको,

(च) अभिभावक, स्थानीय समुदाय तथा क्षेत्रमा पारेको सकारात्मक प्रभाव,

(छ) शैक्षिक संस्थाको आयमा भएको बृद्धिको अवस्था,

(ज) कार्ययोजना अनुसार कार्य सम्पादन गरेको आदि।

**१७. दण्ड सजायः** (१) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रममा छनौट भएको शैक्षिक संस्थाले सम्झौता भईसकेपछि सम्झौता अनुसार गुणस्तरी कार्य सम्पन्न नगरेमा तथा दिइएको वजेट हिनामिना गरेमा उक्त शैक्षिक संस्थावाट क्षतिपूर्ति समेत भराई प्रचलित कानून बमोजिम आवश्यक कारवाही गरिनेछ ।

**१८. विविधः** यस कार्यविधि बमोजिम एक शैक्षिक संस्था एक उद्यम कार्यक्रममा आवश्यक सहयोग गर्नु सम्बन्धित सवैको कर्तव्य हुनेछ। एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम छनौटको लागि दिइने निवेदनको ढाँचा, व्यावसायिक योजनाको ढाँचा तथा सम्झौताको ढाचा पालिकाले तोके बमोजिम हुनेछ।

**१९. निर्देशनको पालनाः** सघ, प्रदेश तथा स्थानीय सरकारले दिएको निर्देशनको पालना गर्नु पर्नेछ।



(च) कलामा आधारित उद्यम व्यवसाय,

(छ) संस्कृति, साहित्य सृजना, गीत संगीतमा आधारित भई गरिने उद्यम व्यवसाय,

(ज) विद्यालयले आवश्यकता महसुस गरी छनौट गरिने अन्य उद्यम व्यवसाय।

**७ बिद्यार्थी उद्यमी क्लबः** एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम लागू गरिएका विद्यालयमा कक्षा ९, १०, ११ र १२ कक्षामा अध्ययनरत छात्र तथा छात्रा तर्फको प्रथम विद्यार्थी तथा विद्यालयले तोकेका अन्य ७ जना विद्यार्थी सम्मिलित १५ सदस्यीय विद्यार्थी उद्यमी क्लब रहनेछ। जसको काम, कर्तव्य अधिकार देहाए बमोजिम हुनेछ।

(१) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम सञ्चालन, रेखदेख र ब्यवस्थापन गर्ने।

(२) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम सञ्चालनको लागि सरोकारवालाहरु सँग सहकार्य,समन्वय, साझेदारी गर्ने।

(३) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमको लागि उपयुक्त उद्यम छनौट गर्ने।

(४) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमको कार्ययोजना बनाई लागू गर्ने।

(५) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमको प्रोफाइल बनाई अभिलेख अद्यावधिक गर्ने।

(६) कम्तिमा वर्षको २ पटक अभिभावकहरुलाई सम्बन्धित उद्यमको विषयमा अभिमुखीकरण गर्ने।

(७) उद्यम कोषबाट थप उद्यम विस्तार, उद्यमशिलता विकास तथा विद्यार्थी कल्याणका कार्यक्रम गर्ने ।

**८.उद्यम कोषको सञ्चालनः** एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम लागू भएका शैक्षिक संस्थामा एद्यम सञ्चालनका लागि उद्यम कोष रहनेछ ।

(क) उद्यम कोष सञ्चालक समिति देहायनुसार रहनेछः

1. विद्यालयको प्रधानाध्यापक - अध्यक्ष
2. उद्यमी विद्यार्थी क्लबका अध्यक्ष -सदस्य
3. विद्यालयको लेखा हेर्ने शिक्षक /कर्मचारी -सदस्य सचिव

(ख) उद्यम कोष सञ्चालक समितिको काम, कर्तव्य अधिकार

1. उद्यम कोष सञ्चालन, रकम परिचालन र लेखाङ्कन गर्ने ।
2. उद्यम कोषको आम्दानीबाट विद्यार्थी कल्याणका कार्यक्रम गर्न ५० प्रतिशतमा नबढ्ने गरी रकम निकासा गर्ने ।
3. उद्यम कोषको विस्तार, संरक्षण, संवर्द्धन गर्ने ।
4. उद्यम कोषमा जम्मा भएको रकमको उच्चतम सदुपयोग गर्ने ।
5. अन्य आवश्यक कामहरु गर्ने गराउने ।



परीक्षण गराउँदा कार्यक्रम तर्फको नतिजा शृङ्खला (प्रतिफल, उपलब्धी, प्रभाव) का सूचकहरुका आधारमा प्रगति (गुणात्मक, परिमाणात्मक) विश्लेषण अनिवार्य रुपमा गर्नु पर्नेछ ।

(३) लेखा परीक्षकको प्रतिवेदनलाई सामाजिक लेखा परीक्षण गरी सार्वजनिक गर्ने दायित्व सम्वन्धित शैक्षिक संस्थाको हुनेछ ।

(४) शैक्षिक संस्थाले लेखा परीक्षणको प्रतिवेदन पालिकामा पठाउनु पर्नेछ ।

**१५. अनुगमन तथा मूल्याङ्कनः** (१) आवश्यकता अनुसार अभिभावक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, पालिका, सम्बन्धित वडा, प्रदेश तथा केन्द्रस्तरवाट समेत अनुगमन गरिनेछ । यसको अभिलेख विद्यार्थी उद्यमी क्लवले राख्नुपर्नेछ ।

(२) राष्ट्रिय युवा परिषद् तथा युवा मन्त्रालय आदि सरोकारवाला निकायवाट अनुगमन निरीक्षण गरी पृष्ठपोषण एवं सुझाव दिन सक्नेछ ।

**१६. पुरस्कार** पालिकाले एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमलाई प्रभावकारी र नतीजामुखी वनाउन निम्न सूचकका आधारमा उच्चतम अङ्क हासिल गर्ने शैक्षिक संस्थालाई नगद पुरस्कार तथा प्रमाणपत्र प्रदान गर्न सक्नेछ ।

(क) अधिकतम रोजगार सिर्जना गर्ने,

(ख) स्थानीय स्रोत र साधनकोअधिकतम प्रयोग गर्ने,

(ग) निर्यातमा वृद्धि र आयातमा प्रतिस्थापन योगदान पु¥याएको,

(६) शैक्षिक संस्था छनौट समितिले प्राप्त उद्यम परियोजना प्रस्ताव उपर आवश्यक छानविन गरी उत्कृष्ट शैक्षिक संस्था छनौट गर्नेछ ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए पनि एउटै मात्र प्राविधिक धार संचालित विद्यालय वा एउटै मात्र नमूना विद्यालय भएमा भने सो विद्यालय छनौट गरिसकेपछि मात्र अन्य विद्यालयका लागि आवश्यकता र क्षमता अनुसार यस दफाको प्रक्रिया अपनाइनेछ ।

**१२. उद्यम सम्झौताः** (१) शैक्षिक संस्था छनौट समितिबाट छनौट भएका शैक्षिक संस्था र पालिकाबीच पालिकाले तोकेको ढाँचामा द्विपक्षीय सम्झौता गरिने छ ।

(२) सम्झौताको दुई प्रति हुनेछ । एक प्रति सम्वन्धित शैक्षिक संस्थालाई, एक प्रति सम्बन्धित पालिकामा रहनेछ ।

**१३. प्रतिवेदनः** (१) शैक्षिक संस्थाले पालिकासँग एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम सञ्चालन गर्न गरेको सम्झौता भएको एक महिना भित्र प्रारम्भिक प्रतिवेदन पालिकामा पेश गर्नु पर्नेछ । त्यसपछि पालिकाले तोके वमोजिमको ढाँचामा त्रैमासिक रुपमा वित्तीय र भौतिक प्रगति पालिकामा पठाउनु पर्नेछ ।

**१४. लेखा परीक्षणः** (१) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमको लेखा प्रणाली नेपाल सरकारले तोकेको ढाँचामा राख्नु पर्नेछ ।

(२) उद्यमको आर्थिक कारोवारको लेखा परीक्षण शैक्षिक संस्थाले पालिकाले सूचीकृत गरेका दर्तावाल लेखा परीक्षक मध्येबाट गराउनु पर्नेछ । यसरी लेखा



(ग) उद्यम कोषमा देहाय अनुसारका रकम जम्मा गर्नुपर्नेछः

1. शैक्षिक संस्थामा अध्ययनरत विद्यार्थीका अभिभावकहरुबाट उद्यम गर्न बार्षिक रुपमा संकलित रकम
2. प्रदेश सरकारबाट प्राप्त अनुदान
3. उद्यमबाट प्राप्त आम्दानी
4. पूर्व विद्यार्थी मञ्चबाट उद्यम सञ्चालनार्थ स्वेच्छिक रुपमा प्राप्त रकम
5. सम्बन्धित स्थानीय तहबाट प्राप्त रकम
6. अन्य व्यक्ति संघसंस्थाबाट अनुदान स्वरुप प्राप्त रकम

(घ) उद्यमकोषबाट देहायनुसार खर्च गर्न सकिनेछः

उद्यम कोषको सम्पूर्ण आम्दानी उद्यम सञ्चालन, विस्तार तथा प्रवर्द्धनमा खर्च गर्नु पर्नेछ । उद्यम कोषको आम्दानीको ५० प्रतिशतमा नबढ्ने गरी विद्यार्थी कल्याणका कार्यक्रममा खर्च गर्न सकिनेछ ।

**(९) संरक्षक समितिको गठनः** (१) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमको संरक्षकका रुपमा देहायनुसार एक संरक्षक समिति रहनेछः

1. विद्यालय व्यवस्थापन समितिका अध्यक्ष -अध्यक्ष
2. विद्यालय रहेको वडाको वडाध्यक्ष -सदस्य
3. विद्यालयको प्रध्यानाध्यापक -सदस्य सचिव

(२) संरक्षक समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

1. अभिभावकहरुलाई कार्यक्रमको विषयमा अभिमुखीकरण गरी उद्यम कोषमा रकम जुटाउने
2. एक शैक्षिक सस्था एक उद्यम कार्यक्रमलाई आवश्यक पर्ने सहयोग जुटाउने
3. विद्यार्थी उद्यमी क्लवलाई उद्यम सञ्चालनको लागि सबै प्रकारको सहजीकरण, क्षमता विकासका कार्यक्रमड्ड सञ्चालन गर्ने गराउने
4. एक शैक्षिक सस्था एक उद्यम कार्यक्रमको समग्र अनुगमन मूल्याङ्कन तथा उद्यम प्रोफाइल तयार गरी सम्बन्धित निकायमा पेश गर्न लगाउने।

**१०. शैक्षिक संस्था छनौटका न्युनतम आधारहरुः** (१) दफा ६ मा उल्लेखित उद्यम क्षेत्रहरू मध्ये कुनै एक क्षेत्रमा कार्य गर्न इच्छुक शैक्षिक संस्थालाई उद्यम सञ्चालन गर्नका लागि देहायका छनौटका आधारहरु निर्धारण गरिएकोछ।

| क्र स | छनौटका आधारहरु | बढीमा १०० अंक |
|---|---|---|
| १ | उद्यम परियोजना प्रस्ताव | ४० |
| २ | उद्यम कोषको स्थापना भएको | ५ |
| ३ | उद्यमी विद्यार्थी क्लव गठन भएको | ५ |
| ४ | पूर्व विद्यार्थी मञ्च गठन भएको | ५ |
| ५ | सम्बन्धित वडा कार्यालयको सिफारिस | ५ |
| ६ | विद्यालय व्यवस्थापन समितिको प्रतिबद्धता | ५ |
| ७ | भौतिक पूर्वाधार (पानी, विजुली, जग्गा आदि) | १० |
| ८ | माध्यमिक विद्यालयको विद्यार्थी संख्या | १० |
| ९ | प्राविधिक नमूना विद्यालय भए | १५ |



**११.सूचना प्रकाशनः** (१) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रममा सहभागिताका लागि पालिकाले इच्छुक शैक्षिक संस्थाहरुको जानकारीका लागि १५ दिने सार्वजनिक सूचना प्रकाशन गर्नेछ । निवेदनको ढाँचा र व्यवसायिक योजनाको ढाँचा पालिकाले तोकेबमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशित भएपछि पालिका भित्रका ईच्छुक शैक्षिक संस्थाहरुले आवश्यक कागजात संलग्न राखी निवेदन दिन चाहेमा सोही सूचनामा उल्लेखित म्याद भित्र पालिकाले तोकेको ढाँचा तथा स्थानमा निवेदन दिनुपर्नेछ।

(३) शैक्षिक संस्था छनौट समितिः पालिकामा प्राप्त भएका निवेदन र व्यवसायिक कार्ययोजना मूल्याङ्कन गरी छनोट गर्न देहायको शैक्षिक संस्था छनोट समिति रहनेछ।

(क) प्रमुख प्रशासकीय अधिकृत –अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृतले तोकेको पालिकाको कर्मचारी –सदस्य

(ग) शिक्षा शाखाको शाखा अधिकृत –सदस्य सचिव

(४) शैक्षिक संस्था छनौट समितिले आवश्यकता अनुसार अन्य व्यक्तिलाई विज्ञको रुपमा आमन्त्रण गर्न सक्नेछ।

(५) शैक्षिक संस्था छनौट समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।